# हरिहरपुरगढी गाउँपालिकाको खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८२

**प्रस्तावनाः-**

नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार र साझा अधिकारका सूचीहरु तोकिए बमोजिम विद्यालय स्तरदेखि नै किशोर किशोरी तथा युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्दै विभिन्न विधाका खेलहरुमा उच्च क्षमतावान तथा योग्य खेलाडी उत्पादन गरी खेलकुदको क्षेत्रमा गाउँपालिकालाई सक्षम र प्रतिस्पर्धी गाउँपालिकाको रुपमा विकास गरी स्थानीय तह, प्रदेश हुदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदकहरु हाँसिल गर्न सहयोग पुर्याउने उद्देश्यले हरिहरपुरगढी गाउँपालिका भित्र खेलकुदलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि हरिहरपुरगढी गाउँपालिकाको खेलकुद विकास ऐन २०८० को दफा (३२) बमोजिम हरिहरपुरगढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "हरिहरपुरगढी गाउँपालिकाको खेलकुद प्रशिक्षक परिचालन कार्यविधि-२०८२" रहेको छ।

(२) यो कार्यविधि हरिहरपुरगढी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "क्लव" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई खेलकुद गतिविधि सञ्चालन गर्ने उद्देश्यले खोलिएका युवा क्लवलाई जनाउनेछ ।

ख. "गाउँपालिका" भन्नाले हरिहरपुरगढी गाउँपालिकालाई सम्झनु पर्छ ।

ग. "प्रशिक्षक" भन्नाले यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकलाई जनाउनेछ ।

घ. "शैक्षिक संस्था" भन्नाले हरिहरपुरगढी गाउँपालिकाभित्रंका सार्वजनिक तथा सामुदायिक विद्यालयहरुलाई जनाउनेछ ।

ङ. "संघ" भन्नाले गाउँपालिका, जिल्ला खेलकुद समिति, प्रदेश खेलकुद संघ, राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएका खेलकुद संघलाई जनाउनेछ ।

च. "समिति" भन्नाले हरिहरपुरगढी गाउँपालिका खेलकुद विकास समिति सम्झनु पर्छ ।

## परिच्छेद- २

## प्रशिक्षक छनौट प्रकृया तथा काम, कर्तव्य र अधिकार

**४. खेलकुद प्रशिक्षक परिचालनका आधारः** (१) खेलकुद प्रशिक्षक परिचालन गर्दा देहायका विषयहरुलाई प्रमुख आधारका रुपमा लिइनेछः

(२) सबैका लागि खेलकुदको अवधारणालाई मूर्त रुप दिने गरी खेलकुदलाई सामाजिकीकरण गर्न राष्ट्रिय खेलकुद नीति २०६७ मा व्यवस्था भएका विभिन्न खेलहरु।

(३) "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"का लागि खेलकुदको अवधारणालाई कार्यान्वयनका ल्याउन स्थानीय तहदेखि विद्यालय तहदेखि नै खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा समावेश गरी खेल मैत्री स्वास्थ्य वातावरणको सिर्जना गर्ने।

**५. प्रशिक्षक परिचालनका क्षेत्रः** (१) खेलकुद प्रशिक्षक परिचालनका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

क. गाउँपालिका क्षेत्र भित्रका विभिन्न वडाहरुमा खेलको प्रशिक्षण गराउने ।

ख. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहररू ।

ग. गाउँपालिका भित्र गाउँपालिका वा जिल्ला खेलकुद विकास समितिसँग आवद्ध खेलकुद सम्बन्धी संघ सस्था, क्लब आदि।

**६. खेल प्रशिक्षक छनोट प्रक्रियाः** (१) खेलकुद प्रशिक्षक छनोट गर्दा देहाय बमोजिमका प्रक्रियाहरु अपनाइने छन्-

क. न्यूनतम शैक्षिक योग्यता; कुनै पनि व्यक्ति खेलकुद प्रशिक्षकको रुपमा आवेदन दिन कम्तिमा कक्षा ८ पास गरेको हुनु पर्नेछ ।

ख. नेपाली नागरिक हुनु पर्ने

ग. २१ बर्ष उमेर पूरा भएको हुन पर्ने ।

घ. मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट प्रदान गरिएको निरोगिताको प्रमाण-पत्र पेश गर्नु पर्ने।

ङ. जिल्ला, क्षेत्र र राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यालय स्तरका प्रतियोगिताहरुमा सहभागी भई महत्वपूर्ण स्थान हांसिल गरेको हुनु पर्ने ।

च. हरिहरपुरगढी गाउँपालिका भित्रको स्थायी वासिन्दालाई पहिलो प्राथमिकता दिइनेछ ।

छ. स्वयमसेवी भावना भएको हुनु पर्ने ।

ज. शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने ।

झ. समुदायमा घुलमिल हुन सक्ने क्षमता भएको हुनु पर्ने ।

ञ. विगतमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षक भएको ।

**७. खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिः** (१) खेलकुद प्रशिक्षक छनोट तथा परिचालन गर्नका लागि देहाय बमोजिमको पदाधिकारीहरु रहेको खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति रहनेछ :-

क. हरिहरपुरगढी गाउँपालिका प्रमुख -संयोजक

ख. सामाजिक विकास संयोजक- सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ. जिन्सी शाखा प्रमुख

ङ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

च. शिक्षा, युवा तथा खेलकुद शाखाका खेलकुद हेर्ने - सदस्य सचिव

**८. खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय तहभित्र खेल प्रशिक्षक छनोट, परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

क. खेलकुद प्रशिक्षकहरुको विज्ञापन वा सूचनामा दरखास्त परेका उम्मेद्वारहरुको दरखास्त फारम सङ्कलन गर्ने,

ख. प्राप्त हुन आएका दरखास्त फारम प्रक्रिया पूरा भए नभएको छानविन गर्ने,

ग. योग्य दरखास्त फारंमको अनुसूची १ बमोजिम मूल्याङ्कन गर्ने,

घ. छनोटमा परेका योग्य उम्मेद्वारसँग अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसूची- ३ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिने,

ङ. खेलकुद प्रशिक्षकका कार्यहरुको अनुगमन मूल्याङ्कन गर्ने,

च. गाउँपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

**९. खेलकुद प्रशिक्षकको शर्त तथा सुविधाः** (१) यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकको शर्त तथा सुविधाहरु देहाय बमोजिम हुनेछन् :-

क. खेलकुद प्रशिक्षकलाई सेवा सुविधा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिमको रकम प्रदानं गरिनेछ ।

ख. खेलकुद प्रशिक्षक बढीमा एक बर्षका लागि अस्थायी करार सम्झौताका आधारमा परिचालन गरिनेछ । प्रत्येक आर्थिक वर्षमा कामको प्रगतिका आधारमा करार सम्झौता नवीकरण गरिनेछ । विगतका राम्रो कार्य सम्पादन गर्ने प्रशिक्षकलाई करार नवीकरणमा प्राथमिकता दिइनेछ ।

ग. खेलकुद प्रशिक्षकले सेवा प्रवाह गर्न नचाहेमा वा नसक्ने भएमा वा राजिनामा दिनु पर्ने भएमा शिक्षा युवा तथा खेलकुद शाखामा १ महिना अगावै लिखित जानकारी दिनु पर्नेछ।

**१०. खेलकुद प्रशिक्षकको आचार संहिताः** (१) खेलकुद प्रशिक्षकले देहाय बमोजिमका आचार संहिता पालना गर्नु पर्नेछ :

क. खेलकुद प्रशिक्षकले राजनीतिक क्रियाकलापमा संलग्न रहनु हुदैन र कार्य सम्पादन गर्दा आफ्नो राजनीतिक आस्थाको प्रभाव पर्न दिनु हुदैन।

ख. खेलकुद प्रशिक्षकले आफूलाई दिएको जिम्मेवारी इमान्दारीतापूर्वक पूरा गर्नु पर्नेछ ।

ग. खेलकुद प्रशिक्षकले अनुशासित भई शिष्ट र विधिसम्मत् व्यवहार गर्दै आफूलाई आदर्शवान र नमूना पात्रको रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

घ. खेलकुद प्रशिक्षकले गाउँपालिकाले आयोजना गरेका खेलहरुमा प्रशिक्षकको भूमिका सहित सामाजिक सदभाव र शान्ति सुव्यवस्था कायम राख्न हरबखत तत्पर रहनु पर्छ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बलराज वाईबा
अध्यक्ष

ङ. खेलकुद प्रशिक्षकले खेलकुद सञ्चालन नभएको अवस्थामा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यालय प्रशासनसँगको समन्वयमा वालवालिकाहरुलाई खेलसम्बन्धी प्रशिक्षण गर्नु गराउनु पर्नेछ ।

च. गाउँपालिकाले जिल्ला कुनै पनि खेलमा सहभागिता जनाउने भएमा प्रशिक्षकले नेतृत्वदायी भूमिका निर्वाह गरी खेलाडीहरुको नेतृत्व गरी सहभागी हुनुपर्नेछ ।

छ. खेल प्रशिक्षक शिक्षा, युवा तथा खेलकुद शाखाको मातहतमा रहेर कार्य सम्पादन गर्नुपर्नेछ ।

ज. खेल प्रशिक्षक हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाप्रति उत्तरदायी हुनुपर्नेछ ।

झ. कुनै पनि खेलकुद प्रशिक्षकले तोकिएको आचार संहिता पालना नगरेमा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यापालिको निर्णयबाट अवकास दिन सक्नेछ ।

## परिच्छेद ३

## विविध

११. खेलकुद प्रशिक्षकको अनुगमन शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ।

१२. खेलकुद प्रशिक्षकलाई आवश्यक देखेमा हरिहरपुरगढी गाउँ कार्यपालिकाले जुनसुकै समयमा निर्देशन दिन सक्नेछ ।

१३. हरिहरपुरगढी गाउँपालिका भित्र प्रचलनमा रहेका र संभावना बोकेका खेलहरु जस्तै भलिवल, फुटवल, कराँते, व्याडमिटन, एथलेटिक्स लगायतका खेल मध्ये आवश्यकताका आधारमा खेलकुद प्रशिक्षक गाउँपालिकाले नियुक्त गर्न सक्नेछ। खेलकुद प्रशिक्षकको सेवा सुविधा हरिहरपुरगढी गाउँपालिकाबाट भुक्तान गरिनेछ ।

१४. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडचन आएमा गाउँ कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची-१

दफा (८) को खण्ड (ग)सँग सम्बन्धित

उम्मेदवारको योग्यता मूल्यांकनको आधार

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | | | कैफियत |
|---|---|---|---|---|---|
| १. | शैक्षिक योग्यता | पूर्णाङ्क - १० | | | |
| | | प्रथम | द्वितीय | तृतीय | |
| | न्यूनतम योग्यता | ७ | ५ | ४ | |
| | माथिल्लो योग्यता | ३ | २ | १ | |
| २. | व्यवहारिक पक्ष | पूर्णाङ्क - ४० | | | |
| | खेल विज्ञान सम्बन्धी ज्ञान सीप (प्रशिक्षकका रुपमा तालिम / विद्यालय खेलकुद प्रशिक्षकका रुपमा तालिम / विद्यालय खेलकुद प्रशिक्षक अनुमतिपत्र प्राप्त, अनुभवी तथा खेलाडीका रुपमा पूर्व अनुभवलाई आधार मान्ने र अभिवृद्धि । | १५ | | | |
| | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षक भएमा । | १० | | | |
| | सम्बन्धित खेल प्रशिक्षण गेरको प्रमाणपत्र पेश गरेमा | ५ | | | |
| | स्थानीय बासिन्दा | १० | | | |
| ३. | कुल जम्मा | ५० | | | |

अनुसूची - २

दफा (८) को खण्ड (घ) सँग सम्बन्धित

## दोहोरो सम्झौताको ढाँचा

हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र खेल प्रशिक्षकको बीच गरिएको आपसी सम्झौता ।

**लिखितम्** हामी तपसिलका पक्षहरु आगे हरिहरपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिन्धुली (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र .............जिल्ला .............पालिका वडा नं. .........वस्ने वर्ष................ को श्री ........................... (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) का बीच मिति..................मा भएको सम्झौता।

१. दोस्रो पक्षले गर्नु पर्ने मुख्य मुख्य कार्यको विवरण:-

क. आफूलाई खटाइएको क्षेत्र अन्तर्गतका विद्यालयहरु / खेल स्थल / वडामा गई खेलकुद प्रशिक्षण गर्ने गराउने ।

ख. प्रशिक्षण गराउदा उक्त क्षेत्रमा योग्य खेलाडी उत्पादन गर्न सक्ने उच्च सम्भावना भएका खेलाडीहरुलाई विशेष प्राथमिकता दिने ।

ग. किशोर किशोरीमा धेरै भन्दा धेरै खेलको जानकारी गराउने र खेल अनुशासनको विकास गराउने ।

घ. विभिन्न निकायहरुबाट सञ्चालित खेलकुद कार्यक्रमका सहभागिताका लागि किशोर किशोरीहरुलाई उत्प्रेरित गर्ने।

२. बुँदा नं. १ मा उल्लिखित सेवा उपलब्ध गराए बापत प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने सेवा सुविधाहरु देहाय बमोजिम हुनेछन् :

क. प्रथम पक्षले दोस्रो पक्षलाई मासिक रुपमा सेवा सुविधा बापत रु..........(अक्षरेपी ....मात्र (करसहित)उपलब्ध गराउनेछ ।

ख. दोस्रो पक्षले शिक्षा युवा तथा खेलकुद शाखामा हाजिर भई प्रथम पक्षले उपलब्ध गराएको दैनिक कार्यविवरणमा हाजिर गरी प्रतिबेदन सहित उक्त हाजिरी प्रमाणित भएपछि मात्र सेवा सुविधा भुक्तानी हुनेछ।

ग. दोस्रो पक्षले आफ्नो गाउँपालिकामा वा वाहिर प्रयोगमा आउने प्रथम पक्षको चल अचल सम्मत्ति हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न भए पश्चात प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

घ. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षले १५ दिनको सूचना दिई यो करार सम्झौता भङ्ग गर्न सक्नेछ ।

ङ. यो सम्झौता मिति................ देखि .............सम्म कायम रहनेछ ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बद्रीराज वाइबा
अध्यक्ष

च. प्रथम पक्षलाई हानी हुने कार्य गरेमा वा सम्झौता बमोजिमको कार्य नगरेमा जुनसुकै बेला करार भङ्ग गर्न सकिनेछ । हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानून बमोजिम असुल उपर गर्न कुनै बाधा पुर्याउने छैन ।

प्रथम पक्षको तर्फबाट
नाम:-
दस्तखत:-
पद:- कार्यालय प्रमुख
कार्यालयको छाप
इति सम्वत् २०........साल महिना गते रोज... शुभम् ।

दोस्रो पक्षको तर्फबाट
नाम:
ठेगाना:
दस्तखत:

| दायाँ | बायाँ |
|---|---|
| | |

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

रुद्रध्वज वाईबा
अध्यक्ष

अनुसूची - ३

दफा (८) को खण्ड (घ) सँग सम्बन्धित

हरिहरपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

मितिः-...............

..............................

.........................।

विषयः खेलकुद प्रशिक्षक नियुक्ति सम्बन्धमा ।

तपाईलाई हरिहरपुरगढी गाउँपालिकाको खेलकुद प्रशिक्षक परिचालन कार्यविधि, २०८२ को दफा ८ (१) को (घ) तथा सोही कार्यविधिको अनुसूची – २ को सम्झौता बमोजिम मिति .................... देखि ................सम्म .................... खेलकुद प्रशिक्षकको रुपमा कामकाज गर्ने गरी नियुक्ति गरिएको छ।

तोकिएको कार्यक्षेत्रमा कुशलतापूर्वक जिम्मेवारीहरु लगनशीलता एवम् इमानदारीपूर्वक गर्नुहुनेछ भन्ने अपेक्षा समेत गरिएको छ ।

बज्रध्वज ताईवा
अध्यक्ष

................

प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत